**बान्नीगढी जयगढ गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः ४ संख्याः २ मितिः २०७८/०४/२०

## भाग – २

# बान्नीगढी जयगढ गाउँपालिका

## पूर्ण सरसफाई तथा फोहोर मैला व्यवस्थापन कार्यविधि, २०७८

**प्रस्तावनाः** बान्नीगढी जयगढ गाउँपालिका भित्र उत्सर्जन/उत्पादन हुने फोहोर मैलाको व्यवस्थित, भरपर्दो र प्रभावकारी व्यवस्थापन गरी स्वच्छ, सफा र सुन्दर गाउँपालिका बनाउनका लागी बान्नीगढी जयगढ गाउँ कार्यपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम पूर्ण सरसफाई तथा फोहोर मैला व्यवस्थापन कार्यविधि, २०७८ बनाई लागू गरेकोछ।

**१ संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम पूर्ण सरसफाई तथा फोहोर मैला व्यवस्थापन कार्यविधि, २०७८ रहेकोछ।

(२) यो कार्यविधि बान्नीगढी जयगढ गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

**२. परिभाषाः** (१) विषय वा प्रसँग अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) 'संविधान' भन्नाले नेपालको संविधान, २०७२ सम्झनु पर्दछ।

(ख) 'स्थानीय तह' भन्नाले नेपालको सविधानको धारा ५६ को उपधारा ४ बमोजिमको गाउँपालिका सम्झनु पर्दछ।

(ग) 'कार्यपालिका' भन्नाले बान्नीगढी जयगढ गाउँ कार्यपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) 'ऐन' भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ङ) 'अध्यक्ष' भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको अध्यक्ष लाई सम्झनु पर्दछ।

(च) 'उपाध्यक्ष' भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको उपाध्यक्ष लाई सम्झनु पर्दछ।

(छ) 'प्रमूख प्रशासकीय अधिकृत' भन्नाले नेपाल सरकारले प्रमूख प्रशासकीय अधिकृतका रुपमा कामकाज गर्ने गरी खटाएको अधिकृत सम्झनु पर्दछ।

(ज) 'गाउँपालिका' भन्नाले बान्नीगढी जयगढ गाउँपालिकालाई सम्झनु पर्दछ।

(झ) 'कार्यविधि' भन्नालेपूर्ण सरसफाई तथा फोहोर मैला व्यवस्थापन कार्यबिधि, २०७८ लाई सम्झनु पर्दछ।

(ञ) 'फोहोर मैला' भन्नाले घरेलु फोहोर मैला औद्योगिक फोहोर मैला र रासायनिक फोहोर मैला स्वास्थ्य संस्थाबाट निकल्ने फोहोर मैला वा हानिकारक फोहोर मैला सम्झनु पर्दछ र यस शब्दले प्रयोगमा नआउने वा फालिएका सडेगलेका वा वातावरण प्रदुषण गराउने खालका बस्तुलाई जनाउदछ।

(ट) 'संकलन' भन्नाले घर घरबाट निस्कने फोहोरलाई फोहोर मैला व्यवस्थापन केन्द्रमा लैजानका लागि जम्मा गरिने कार्यलाई सम्झनु पर्दछ।

(ठ) 'निष्काशन' भन्नाले फोहोर मैला उत्पादन स्थलबाट गाउँपालिकाले फोहोर व्यवस्थापनका लागी तोकेको स्थानमा लैजाने कार्यलाई सम्झनु पर्दछ।

(ड) 'वडासमिति' भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाका सवै वडा समितिलाई सम्झनु पर्दछ।

(ढ) 'समिति' भन्नाले पूर्ण सरसफाई तथा फोहोर मैला व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(ण) 'सामुदायिक संस्था' भन्नाले नाफाको भावना नराखी समुदायिक हितका कार्य गर्नका लागि गठन भएका टोल विकास संस्था उपभोक्ता समिति र अर्ध गैरसरकारी संस्थालाई सम्झनु पर्दछ।

**३. पूर्ण सरसफाई तथा फोहोर मैला व्यवस्थापनः** (१) बान्नीगढी जयगढ गाउँपालिका भित्र उत्पादन हुने सम्पूर्ण खाल्का फोहोर मैलाको संकलन त्यसको निष्काशन लगायत फोहोर मैलाको व्यवस्थापन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ।

(२) उपदफा (१) बमोजिम फोहोर मैलाको व्यवस्थापन गर्दा गाउँपालिकाले सामूदायिक संस्था, टोल विकास समिति, आमा समुह, युवाक्लव लगायतका सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको साझेदारी र सहभागिताका आधारमा गर्ने व्यवस्था मिलाउनेछ।

(३) गाउँपालिकाले उपदफा (२) बमोजिम सामुदायिक संस्थाहरुको साझेदारीका आधारमा फोहोर मैलाको व्यवस्थापन गर्दा त्यस्ता संस्थाहरु सम्झौता गरी गर्ने व्यवस्था मिलाउनेछ।

(४) उपदफा (२ बमोजिम सरकारी तथा गैरसरकारी संघ संस्थाको सहभागिता गराउने सम्झौताको नमूना अनुसुची-१ मा उल्लेख भएबमोजिम हुनेछ।

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले आवश्यकता अनुसार फोहोर मैला व्यवस्थापन गर्ने कार्य टोलविकास समिति मार्फत गराउने व्यवस्था मिलाउन सक्नेछ।

(६) गाउँपालिकाले उपदफा (१), (२) र (३) बमोजिम फोहोर मैलाको व्यवस्थापन गर्नका लागि देहाय बमोजिमका पदाधिकारीहरु रहने गरीपूर्ण सरसफाई तथा फोहोर मैला व्यवस्थापन समिति गर्नेछ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | - संयोजक |
| ख. गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| ग. कार्यपालिकाले मनोनयन गरेको वडाको वडा अध्यक्ष | -सदस्य |
| घ. कार्यपालिकाले मनोनयन गरेको कार्यपालिका सदस्य १ जना | -सदस्य |
| ङ. खानेपानी/वातावरण/योजना शाखा प्रमुख | -सदस्य |
| च. बान्नीगढी जयगढ उद्योग बाणिज्य संघको अध्यक्ष | -सदस्य |
| छ. वातावरण मैत्री अनुभव भएको १जना गाउँपालिका वासी | -सदस्य |
| ज. प्रतिनिधि जिल्ला प्रशासन कार्यालय | -सदस्य |
| झ. प्रतिनिधि खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय | -सदस्य |
| ञ. सहायक वन अधिकृत जिल्ला वन डिभिजन कार्यालय | -सदस्य |
| ट. प्रमुख प्रशासकीय अधिकृत | –सदस्य सचिव |

(७) उपदफा (६) बमोजिम फोहोर मैला व्यवस्थापनका लागि गठन हुने समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) फोहोर मैला व्यवस्थापनका लागि अल्पकालिन तथा दीर्घकालिन योजनाको तर्जुमा गर्ने,

(ख) गाउँपालिका भित्र उत्पादन हुने फोहोर मैला व्यवस्थापनको अनुगमन मूल्यांकन र समिक्षा गर्ने,

(ग) फोहोर मैला व्यवस्थापन र पूर्ण सरसफाई गाउँपालिका बनाउनका लागि अभियान तथा जनचेतना मुलक कार्यक्रम संचालन गर्ने,

(घ) फोहोर मैला व्यवस्थापनका लागी वातावरण ऐन तथा नियमावली र यससँग सम्बन्धित अन्य प्रचलित कानूनहरुको अधिनमा रही गाउँपालिका क्षेत्रको फोहोर मैला व्यवस्थापन गर्ने व्यवस्था मिलाउने,

(ङ) गाउँपालिका क्षेत्र भित्र उत्पादन हुने फोहोरलाई उत्पादन स्थलमा (स्रोतमा) वर्गीकरण गरी संकलन गर्ने/गराउने व्यवस्था मिलाउने,

(च) गाउँपालिका क्षेत्रमा उत्पादन हुने फोहोरलाई घटाउने पुन प्रयोग गर्ने र **पुनःचक्रण** गर्ने व्यवस्था मिलाउने,

(छ) गाउँपालिकाले फोहोर व्यवस्थापनका लागि तोकेको क्षेत्रमा पार्क उद्यान लगायतका हरियाली क्षेत्रको विकास गर्ने व्यवस्था मिलाउने,

(ज) फोहोर मैला व्यवस्थापनका लागि सरकारी गैरसरकारी सामुदायिक तथा निजी क्षेत्रहरुको साझेदारी र सहभागिता जुटाउने,

(झ) फोहोर मैला व्यवस्थापनका क्षेत्रमा आउने समस्याहरुको समाधान गरी व्यवस्थित रुपमा फोहोरमैला व्यवस्थापन गर्ने व्यवस्था मिलाउने,

(ञ) फोहोर मैला व्यवस्थापनका लागि आवश्यक ऐन, कानून तथा नीति नियमहरुको तर्जुमा गर्ने,

(ट) फोहोर मैला व्यवस्थापनको लागि आवश्यक पर्ने साधन स्रोतको पहिचान, संकलित श्रोतको परिचालन गर्ने व्यवस्था मिलाउने,

(ठ) फोहोर मैला व्यवस्थापनका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्ने,

(ड) फोहोर मैला व्यवस्थापनका लागि भैपरी आउने सम्पुर्ण कार्यहरु गर्ने, गराउने।

**४. फोहोर मैलाको उत्पादनः** (१) कुनै पनि बान्नीगढी जयगढ बासी तथा उद्योग व्यवसायीमा संलग्न पदाधिकारी, अस्पताल वा क्लिनिकहरुले सकेसम्म आफ्नो कार्य सम्पादन गर्दा सकेसम्म कम फोहोर उत्पादन हुने गरी गर्नु पर्दछ।

(२) उपदफा (१) बमोजिम फोहोर उत्पादन गर्ने व्यक्ति वा संघसंस्थाले आफुले उत्पादन गरेको फोहोर मध्ये आफैले पुनःप्रयोग वा पुनःप्रयोग गर्ने फोहोरको आफै व्यवस्थापन गर्ने व्यवस्था मिलाएर फोहोर कम गर्ने उपाय अपनाउनु पर्नेछ र आफुले पुनःप्रयोग वा पुनःप्रशोधन गर्न नसक्ने फोहोर मैला मात्र विसर्जनका लागि गाउँपालिकाले व्यवस्था गरे अनुसार गर्नु गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम उत्पादन भएको फोहोर अलग अलग रुपमा पृथकीकरण गरी वातावरणीय प्रतिकुल प्रभाव नपार्ने र नकुहिने खाल्का फोहोरहरुको विक्रि वितरण गर्ने कार्य सकेसम्म उत्पादक स्वयमले मिलाउनु पर्नेछ। यसरी उत्पादक स्वयमले विक्रिवितरण गर्ने कार्यमा सम्पूर्ण गाउँपालिका बासीहरुलाई गाउँपालिकाले आवश्यक सहयोग गर्नेछ।

(४) उपदफा (१) बमोजिम फोहोर उत्पादन गर्ने व्यक्ति वा संघ संस्थाले जथा भावीफोहोर उत्पादन गर्ने वा विसर्जन गरेमा त्यस्ता व्यन्क्ति वा संघ संस्थालाई प्रचलित कानून बमोजिम कडा कारवाही गरिनेछ।

**५. फोहोर मैलाको पृथकिकरण गर्नेः** (१) यस कार्यविधिको दफा ४ को उपदफा (१) बमोजिम फोहोर उत्पादन गर्ने व्यक्ति वा संघ संस्थाले आफुले उत्पादन गरेको फोहोरलाई कुहिने वा नकुहिने, पुनःप्रयोग गर्न सकने वा नसकने, जैविक वा अजैविक र अन्य कुनै प्रकार बाट स्रोतनै छुट्टाउने/पृथकिकरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको फोहोर पृथकिकरणको नमुना अनुसूची-२ बमोजिम रहेकोछ।

(३) उपदफा (१) बमोजिम छुट्टाइएको फोहोरको विसर्जन गरी गाउँपालिकाले उपलब्ध गराएको आवश्यक प्रविधि/सामान/उपकरण वा कन्टेनर मार्फत फोहोर मैला व्यवस्थापन केन्द्र सम्म लैजाने कार्यमा आवश्यक सहयोग गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम आफुले उत्पादन गरेको फोहोर पृथकीकरण नगर्ने उत्पादकहरुको फोहोर गाउँपालिकाले उठाउने छैन र फोहोरको पृथकीकरणमा असहयोग गर्ने उत्पादक लाई प्रचलित कानून बमोजिम कारवाही गरी गाउँपालिकाबाट उपलब्ध गराउने सेवाहरु समेत उपलब्ध गराउने छैन।

**६. फोहोर मैलाको निष्काशनः** (१) गाउँपालिका क्षेत्र भित्र उत्पादन हुने फोहोर मैला निष्काशनको समय स्थान, विधि र प्रक्रिया गाउँपालिकाले निर्धारण गरेको बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाको तोकेको विधि र प्रक्रिया बमोजिम फोहोर निष्काशन गर्ने कार्यमा सहयोग गर्नु प्रत्येक गाउँपालिका वासीको जिम्मेवारी र दायित्व हुनेछ।

(३) गाउँपालिकाले उपदफा (१) बमोजिम गाउँपालिकाले फोहोर मैलाको व्यवस्थित निष्काशनका लागि कुन टोल वा क्षेत्रमा कुन मिति वा समयमा कुनकुन किसिमको फोहोर संकलन गरी निष्काशन गर्ने समयसारणी तयार गरी प्रकाशित गर्नेछ र त्यस्तो समयसारणीको पालना गर्नु प्रत्येक गाउँपालिका वासीको दायित्व हुनेछ।

(४) उपदफा(३) बमोजिमको समयसारणी तयार गरी कार्यान्वयन गर्दा गाउँपालिकाले सबै गाउँपालिका वासीलाई पायक पर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ।

**७. फोहोर मैलाको ढुवानी व्यवस्थाः** (१) गाउँ पालिका भित्र उत्पादन भएको फोहोर मैलाको संकलन गरी व्यवस्थापन केन्द्र सम्म लैजानका लागि आवश्यक संकलन र ढुवानी गर्ने व्यवस्था गाउँपालिकाले मिलाउनु पर्नेछ।तर गाउँपालिकाले तोके बमोजिमको पृथकीकरण नगरिएको गाउँवासीको फोहोरको संकलन र ढुवानी गर्नका लागि गाउँपालिका बाध्य हुने छैन।

(२) उपदफा(१) बमोजिमको फोहोरको संकलन र ढुवानी गर्दा पृथक गरिएको फोहोर पृथक पृथक समय र मितिमा अलग अलगरुपमा गरिनेछ।

**८. फोहोर मैला व्यवस्थापन केन्द्रः** (१) गाउँपालिका भित्र उत्पादन हुने फोहोर मैलाको व्यवस्थापनका लागि आवश्यक पर्ने फोहोर मैला व्यवस्थापन केन्द्र गाउँपालिकाका क्षेत्र भित्र रहेको उपयुक्त स्थानमा गर्ने व्यवस्था गाउँपालिकाले मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम फोहोर मैला व्यवस्थापनका लागि आवश्यक पर्ने जग्गा गाउँपालिकाले खरिद गरेको वा भाडामा लिई व्यवस्था गर्न सक्नेछ।

(३) गाउँपालिकाले उपदफा (१) बमोजिमको फोहोर मैला व्यवस्थापन केन्द्र गाउँ क्षेत्र भित्र आवश्यकता अनुसार एक वा एक भन्दा स्थानमा तोक्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको फोहोर मैला व्यवस्थापन केन्द्रको व्यवस्था गर्दा सके सम्म सम्बन्धित क्षेत्रमा बसोबास गर्ने नागरिक र वातावरणीय प्रभाव न्यूनीकरण गर्ने उपायको अबलम्बन गर्ने गरी व्यवस्थापन केन्द्रको व्यवस्थापन गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिम तोकिएको फोहोरमैला व्यवस्थापन केन्द्रमा काम गर्ने जनशक्तिको नियुक्ती र फोहोर मैला व्यवस्थापन केन्द्रबाट हुने लाभको वितरण गर्दा सम्बन्धित क्षेत्रका बासिन्दा र क्षेत्रलाई पहिलो प्राथमिकता दिनु पर्नेछ।

(६) गाउँपालिकाले उपदफा (१) बमोजिम फोहोर मैला व्यवस्थापन केन्द्रको व्यवस्थापन गर्दा आवश्यकता अनुसार संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा गर्न सकनेछ।

(७) उपदफा (१) बमोजिमको फोहोर मैला केन्द्र वरीपरिको क्षेत्रमा वातावरणीय प्रभावलाई न्युनीकरण गर्नका लागि मानव तथा पशुपन्छीको अनाधिकृत प्रवेश वा ढुगा गिट्टी वालुवाको उत्खननलाई आवश्यकता अनुसार प्रतिबन्ध लगाउन सकिनेछ।

(८) उपदफा (१) बमोजिमको फोहोर मैला व्यवस्थापन केन्द्रको व्यवस्थापन लगायतका कार्य गर्नका लागि निजीक्षेत्रबाट माग भएका वातावरणीय प्रभाव र प्रचलित कानूनको अधिनमा रही गाउँपालिकाले अनुमति दिन सक्नेछ।

(९) उपदफा (१) बमोजिम गाउँपालिकाले तोकेको फोहोरमैला व्यवस्थापन केन्द्रको अल्पकालिन, मध्यकालिन र दिर्घकालिन योजना वनाई गाउँपालिकाको आर्थिक क्षमताको आधारमा क्रमशः अगाडी वढाउनेछ।

(१०) उपदफा (१) बमोजिम गाउँपालिकाले फोहोर मैला व्यवस्थापनका लागि तोकिएको स्थानमा फोहोर मैला व्यवस्थापन गर्दा सम्बन्धित क्षेत्रको वासिन्दाहरुको आवश्यक सल्लाह, सुझाव, सहभागिता र समन्वयमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(११) उपदफा (१) बमोजिम तोकिएको फोहोर मैला व्यवस्थापन केन्द्रमा संकलन गरिएको फोहोर मैलाबाट वातावरणीय प्रतिकुल असर नपर्ने प्रविधिको प्रयोग गरी त्यस क्षेत्रमा आवश्यक दुर्गन्ध नफैलिने व्यवस्था रहनेछ।तर निजी क्षेत्रलाई व्यवस्थापन केन्द्रको अनुमती दिएकोमा वातावरणीय मापदण्ड बमोजिम रहेनरहेको विषयमा गाउँपालिकाले आवश्यकता अनुसार अनुगमन गर्नेछ।

**९. निजी क्षेत्रसँगको सहकार्यमा फोहोरमैलाको व्यवस्थापन गर्न सकिनेः** (१) यस कार्यविधि बमोजिम उत्पादन हुने फोहोरको पृथकीकरण गर्न, पृथकीकरण गरिएको फोहोरको संकलन गरी गाउँपालिकाले तोके बमोजिमको व्यवस्थापन केन्द्रमा फोहोर लैजान, गाउँसभाले तोके बमोजिम फोहोरमैला शुल्क उठाउन, फोहोरमैला व्यवस्थापनका लागि आवश्यक जनचेतना लगायतका कार्यक्रमको संचालन निजी क्षेत्रसँगको सहकार्यमा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सहकार्य गर्दा कुन संस्थासँग के कति समयका लागि कुन कार्य के कसरी गर्ने लगायतका स्पष्ट सर्तहरु तयार गरी गाउँपालिका र सम्बन्धित संस्थासँग सिधै सम्झौता गरी वा प्रतिस्पर्धाका आधारमा गर्न सकिनेछ।

**१०. फोहोर मैला व्यवस्थापन शुल्कः** (१) गाउँपालिकाले गाउँ क्षेत्र भित्र उत्पादन भएको फोहोर व्यवस्थापन गरे वापत गाउँसभाबाट तोकिए बमोजिमको शुल्क उठाउनेछ ।

(२) उपदफा (१) बमोजिमको फोहोरमैला व्यवस्थापन शुल्क निर्धारण गर्दा फोहोर मैलाको तौल, फोहोर बाट मानव स्वास्थ्य तथा वातावरण पर्ने सक्ने असर, फोहोर मैलाको ढुवानी र तोकिए बमोजिमका अन्य माप दण्डका आधारमा गरिनेछ।

(३) उपदफा(१) बमोजिमको शुल्क गाउँपालिका आफैले वा सम्झौता अनुसार गाउँपालिकाले तोकेको संघसंस्था वा व्यक्ति मार्फत उठानेछ।

(४) उपदफा (३) बमोजिम कुनै निजी संघ संस्था वा व्यक्तिलाई फोहोर मैला व्यवस्थापन शुल्क उठाए वापतको निश्चित रकम उपलब्ध गराउनेछ। त्यसरी उपलब्ध गराएको रकम सम्बन्धित क्षेत्रको विकास निर्माणमा खर्च गर्नु पर्नेछ।

**११. सेवा निलम्बन गर्न सकिनेः** (१) गाउँपालिकाद्धारा हुने फोहोर मैला व्यवस्थापनको कार्यमा सहयोग गर्नु प्रत्येक गाउँवासीको दायित्व र जिम्मेवारी हुनेछ ।

(२) उपदफा (१) बमोजिम फोहोर मैला व्यवस्थापन गर्ने कार्यमा विरोध गर्ने वा फोहोर मैला शुल्क नबुझाउने सेवाग्राही लाई फोहोर मैला सम्बन्धित सेवा तत्कालिन निलम्बन गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिम सेवा निलम्बन भएको फोहोर मैला उत्पादन गर्ने संघसंस्था वा व्यक्ति आफुले उत्पादन गरेको फोहोर आफैले व्यवस्थापन गर्नु पर्नेछ।

(४) फोहोर मैला व्यवस्थापनका लागि दफा १० को उपदफा (१) बमोजिम गाउँ सभाबाट तोकिएको शुल्क एक वर्षसम्म नबुझाउने गाउँवासीलाई विद्यूत, टेलिफोन, जग्गाको कारोवार लगायतका सेवा उपलब्ध गराउने छैन।

**१२. कसुर तथा दण्ड सजाय** (१) यस कार्यविधिमा उल्लेख भए बमोजिम फोहोर मैला व्यवस्थापनको कार्यमा असहयोग गरेमा वा कार्यविधिको उल्लंघन गरेमा त्यस्तो फोहोर मैला उत्पादक लाई प्रचलित कानून बमोजिम कसुर अनुसारको डण्ड सजाय गरिनेछ।

**१३. फोहोर मैलाको विक्री वितरणः** (१) गाउँपालिकाले फोहोर व्यवस्थापन केन्द्रमा संकलन गरेको फोहोर लाई नियमित रुपमा विक्री वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा(१) बमोजिम विक्री वितरण गर्नका लागि फोहोरको वर्गीकरण गरी त्यसको न्युनतम मुल्य गाउँपालिका द्धारा निर्धारण गरे बमोजिम हुनेछ।

**१४. विविधः** (१) यस कार्यविधि अनुसार फोहर मैला व्यवस्थापनका लागि गाउँपालिकाले बान्नीगढी जयगढ गाउँपालिका भित्र रहेको सरकारी निकाय, बैंक, वितिय संस्था, अस्पताल संघ संस्थालाई आवश्यक आदेश तथा निर्देशन दिनसक्नेछ।त्यस्तो निर्देशन/आदेश पालना गर्नु सम्बन्धित संस्थाको दायित्व हुनेछ।

**१५. कार्यविधिमा संशोधनः** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै खालको समस्या आएमा वा संशोधन गर्नुपरेमा कार्यापालिकाको निर्णययानुसार गरिनेछ।

## अनुसुची-१
## सम्झौताको नमुना

बान्नीगढी जयगढ गाउँपालिका (यस पछि पहिलो पक्ष भनिने) र .............. संस्था/समिति विचमा (यस पछि दोस्रो पक्ष भनिने) बान्नीगढी जयगढ गाउँपालिकाको ....................... देखी .......................... सम्मको स्थानिय उत्पादन हुने फोहोर मैलाको व्यवस्थापन देहायका शर्तहरुको अधिनमा रही गर्ने/गराउने गरी यो सम्झौता गरिएकोछ।

क. ................. स्थानदेखी ................ स्थानसम्मको क्षेत्रमा उत्पादन हुने फोहोर मैलाको गाउँपालिकाले तोके बमोजिम अलग अलग रुपमा छुटाई त्यसको घरघरमा व्यवस्थित रुपमा स्टोर गर्न लगाउने जिम्मेवारी दोश्रो पक्ष हुनेछ।

ख. घर घर व्यवस्थित रुपमा जम्मा भएको फोहोर मैला फोहोरमैला व्यवस्थापन केन्द्रसम्म लैजानका लागि गाउँपालिकाद्धारा व्यवस्था भएको टिप्परमा राखी सम्बन्धित स्थानमा लैजाने कार्यमा सहयोग गर्ने दायित्व दोश्रो पक्षको हुनेछ।

ग. शर्तनं. क र ख बमोजिमको कार्यका लागि आवश्यक पर्ने सामाग्री उपलब्धगराउने जिम्मेवारी पहिलो पक्षको हुनेछ।

घ. बान्नीगढी जयगढ गाउँ सभाबाट निर्णय भए अनुसारको फोहोरमैला व्यवस्थापन शुल्क उठाउने दायित्व दोश्रो पक्षको हुनेछ । यसरी उठाएको शुल्क मध्ये ........... प्रतिशत रकम सम्बन्धित क्षेत्रको स्थानीय फोहोर मैला व्यवस्थापन गर्ने कार्यमा खर्च गरी बाँकी ................. प्रतिशत रकम महिना समाप्त भएको ७ दिन भित्र गाउँपालिकामा दाखिला गर्ने दायित्व दोश्रो पक्षको हुनेछ।

ङ. शर्तनं. घ अनुसारको ................ प्रतिशत रकम खाता खोली वैंकमा जम्मा गर्ने र वैंकमा जम्मा भएको संस्थाको पदाधिकारीहरुको संयूक्त हस्ताक्षरबाट खर्च गर्ने व्यवस्था मिलाउने जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

च. फोहोर मैला व्यवस्थापनका लागि गाउँपालिकाले उपलब्ध गराएका सामाग्रीको संरक्षण गर्ने जिम्मेवारी दोश्रो पक्षको हुनेछ।

छ. सम्झौतामा उल्लेख भएका विषय सम्झौता अनुसार र उल्लेख नभएका विषय प्रचलित कानून अनुसार हुनेछ।

संस्थाको तर्फबाट
नामः ..................................
पदः ..................................
सम्पर्कनं. ..................................

गाउँपालिकाको तर्फबाट
नामः ..................................
पदः ..................................
सम्पर्कनं. ........................

## अनुसुची -2
## फोहोर मैला वर्गीकरणको नमुना

| साधारण फोहोर मैला | | | हानिकारक फोहोर मैला | |
|---|---|---|---|---|
| जैविक | अजैविक | अन्य | स्वास्थ्य संस्था जन्य | औद्योगिक |
| भान्साको फोहोर | प्लाष्टिका समान | निर्माण सामाग्री जन्य | म्याद नागेकाऔषधि | केमिकल |
| बचेको खाना | कार्डवोर्ड पेपर | पशुपन्छी जन्य फोहोर | सिरिन्ज निडिल | विषालु ग्यास खरानी |
| कागज | | प्यान्जिङ्ग पेपर | धारिला हातहतियार | |
| तरकारी तथा फलफुलका बोक्रा | सिसामेटल | मान्छेको कपाल | पन्जा माक्स | हेभी मेटल मर्करी |
| पातपतिगर झारपात | जुता चप्पल पुरानो कपडा | | काटिएका शरिरका अंग र रगत | रंग केमिकल फर्टीलाईजर |
| धुलो कंसिगर | | | | |

**आज्ञाले**
**रामचन्द्र जोशी**
**नि. प्रमुख प्रशासकीय अधिकृत**